# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, पुस १६ गते, २०६३ साल (अतिरिक्तांक ५३

## भाग ३

### निर्वाचन आयोगको सूचना

### मतदाता नामावली सम्बन्धी नियमावली, २०६३

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मतदाता नामावली सम्बन्धी नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले मतदाता नामावली सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने क्रममा तत्काल कायम रहेको मतदाता नामावली प्रकाशन गर्ने, त्यसमा नाम समावेश गर्ने, सच्याउने, हटाउने र दावी विरोध गर्ने लगायतका कामहरु गर्नका लागि आयोगले समयावधि किटान गरी यस नियमावली बमोजिम प्रकाशन गरेको कार्यक्रम सम्झनु पर्छ ।

(ग) "सङ्कलनकर्ता" भन्नाले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने काममा सहायक नाम दर्ता अधिकारीलाई सहयोग पुऱ्याउन नियम ६ बमोजिम खटाईएको वा काममा लगाइएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "परिवार" भन्नाले मतदाताको एकासगोलमा रहेका मतदाता हुन योग्यता पुगेको व्यक्ति सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - २
## मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धी

३. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम प्रकाशन गर्ने : (१) आयोगले ऐनको दफा ३ को उपदफा (१) बमोजिम प्रत्येक निर्वाचन क्षेत्र भित्रका गाउँ विकास समिति र नगरपालिकाको वडाको मतदाताको नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित कार्यक्रम आयोगले आवश्यकता अनुसार राष्ट्रिय स्तरको सञ्चार माध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्न सक्नेछ ।

४. प्रमुख नाम दर्ता अधिकारी तोक्ने : (१) आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक जिल्लामा जिल्ला निर्वाचन अधिकारीलाई प्रमुख नाम दर्ता अधिकारी तोक्न सक्नेछ ।

(२) प्रमुख नाम दर्ता अधिकारीको कार्यालय जिल्ला निर्वाचन कार्यालयमा रहने छ ।

५. सहायक नाम दर्ता अधिकारी नियुक्ति गर्ने वा तोक्ने : (१) आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक गाउँ विकास समिति र नगरपालिकाको वडामा आवश्यकता अनुसार सहायक नाम दर्ता अधिकारी नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) सहायक नाम दर्ता अधिकारीको कार्यालय सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा रहनेछ ।

तर कुनै नगरपालिकाको वडा कार्यालय नरहेको अवस्थामा नगरपालिकाको कार्यालयमा नै सहायक नाम दर्ता अधिकारीको कार्यालय रहनेछ ।

६. सङ्कलनकर्ता खटाउन वा काममा लगाउन सक्ने : मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नका लागि सहायक नाम दर्ता अधिकारीलाई सहयोग पुऱ्याउन आयोगले उपलब्ध भए सम्म नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायका कर्मचारीलाई सङ्कलनकर्ताको काम गर्न खटाउन सक्नेछ । यसरी खटाउँदा आवश्यक कर्मचारी उपलब्ध हुन नसकेमा आयोगले ऐनको दफा ४१ बमोजिमको सहयोग समितिसँग परामर्श गरी सामुदायिक विद्यालयका शिक्षकलाई समेत सङ्कलनकर्ताको काम गर्न खटाउन सक्नेछ ।

७. कार्यक्रम टाँस गर्नु पर्ने : (१) नियम ३ बमोजिम कार्यक्रम प्रकाशन भएपछि प्रमुख नाम दर्ता अधिकारीले जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको कार्यालयमा तथा सहायक नाम दर्ता अधिकारीले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा सो कार्यक्रम टाँस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यक्रम टाँस भएपछि सहायक नाम दर्ता अधिकारीले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने प्रयोजनका लागि तत्काल कायम रहेको मतदाता नामावली समेत सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(३) प्रमुख नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारीले उपनियम (१) वा (२) बमोजिम टाँस गरेको वा प्रकाशन गरेको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

३५२६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रमुख नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारीले सम्भव भएसम्म स्थानीय स्तरको कुनै संचार माध्यमद्वारा कार्यक्रम प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

(५) प्रमुख नाम दर्ता अधिकारीले उपनियम (१) बमोजिम कार्यक्रम टाँस गरेको व्यहोराको जानकारी तथा कार्यक्रमको प्रति समेत उपलब्ध भए सम्मका जिल्ला स्थित राजनैतिक दलका कार्यालयमा पठाउनु पर्नेछ ।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि "राजनैतिक दल" भन्नाले व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गरेका राजनैतिक दल सम्झनु पर्छ र सो शब्दले आयोगले तोकेको अन्य राजनैतिक दल समेतलाई जनाउँछ ।

(६) सहायक नाम दर्ता अधिकारीले उपनियम (१) बमोजिम कार्यक्रम टाँस गरेको व्यहोराको जानकारी तथा कार्यक्रमको प्रति समेत ऐनको दफा ४१ बमोजिम गाउँ विकास समिति वा नगरपालिकाको वडामा गठन भएको सहयोग समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

८. नाम सङ्कलन गर्ने : नियम ७ बमोजिम कार्यक्रम टाँस भएपछि सो कार्यक्रम बमोजिम सङ्कलनकर्ताले ऐनको दफा ५ बमोजिम मतदाता हुन योग्यता पुगेको तर तत्काल कायम रहेको मतदाता नामावलीमा नाम समावेश नभएको व्यक्तिको नाम तथा अन्य आवश्यक विवरण सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा समावेश गर्न अनुसूची-३ बमोजिमको ढाँचामा विवरण सङ्कलन गर्नु पर्नेछ ।

९. नाम हटाउन विवरण सङ्कलन गर्ने : (१) यस नियमावली बमोजिम सङ्कलनकर्ताले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा कुनै मतदाताको परिवारको कुनै सदस्यको मृत्यु भएको वा स्थायी तवरले बसाइ सरी गएको वा विवाह भइ गएको वा मतदाता नामावलीमा नाम कायम रहने योग्यता गुमाएको कारणले तत्काल कायम रहेको मतदाता नामावलीबाट त्यस्तो मतदाताको नाम हटाउनु पर्ने भएमा कार्यक्रममा उल्लिखित समयावधि भित्र अनुसूची-४ बमोजिमको ढाँचामा सो को विवरण सङ्कलन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नाम हटाउन विवरण सङ्कलन गर्दा दोहोरो नाम हटाउने सम्बन्धमा अनुसूची-६ बमोजिमको ढाँचामा विवरण सङ्कलन गर्नु पर्नेछ ।

१०. त्रुटि सच्याउन विवरण सङ्कलन गर्ने : यस नियमावली बमोजिम सङ्कलनकर्ताले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा तत्काल कायम रहेको मतदाता नामावलीमा कुनै मतदाताको नाम, थर, जन्म मिति वा यस्तै अन्य कुनै विवरणमा कुनै त्रुटि देखिएमा सो सच्याउन अनुसूची-५ बमोजिमको ढाँचामा कार्यक्रममा उल्लिखित समयावधि भित्र विवरण सङ्कलन गर्नु पर्नेछ ।

११. विवरण सङ्कलन गर्ने आधार : सङ्कलनकर्ताले नियम ८, ९ र १० बमोजिम विवरण सङ्कलन गर्दा सम्बन्धित मतदाता वा निजको परिवारको सदस्यले उपलब्ध गराएको विवरणको आधारमा सङ्कलन गर्नु पर्नेछ ।

१२. प्रमाण माग गर्न सक्ने : (१) सङ्कलनकर्ताले नियम ८, ९ र १० बमोजिम विवरण सङ्कलन गर्दा स्थायी बसोबास सम्बन्धमा आवश्यक परेमा विवरण दिने व्यक्तिसँग वासस्थान खुलेको नागरिकताको प्रमाणपत्र, निजको वा निजको एकाघर सगोलको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिवारको कुन सदस्यको नामको जग्गाधनी प्रमाणपूर्जा, सरकारी कार्यालय, स्थानीय निकाय वा सरकारी स्वामित्व भएको संस्थाबाट जारी भएको परिचयपत्र, गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिस वा बसाइ सरी आएको वा विवाह भएको प्रमाण माग गर्न सक्नेछ ।

(२) सङ्कलनकर्ताले नियम ८, ९ र १० बमोजिम विवरण सङ्कलन गर्दा जन्म वा उमेरको सम्बन्धमा आवश्यक परेमा नागरिकता प्रमाणपत्र, शिक्षण संस्थाद्वारा जारी प्रमाणपत्र वा जन्म दर्ता प्रमाणपत्र माग गर्न सक्नेछ ।

(३) सङ्कलनकर्ताले उपनियम (१) वा (२) बमोजिम माग गरेको प्रमाण उपलब्ध गराउनु विवरण दिने सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(४) उपनियम (३) बमोजिम प्रमाण उपलब्ध नगराइएमा सङ्कलनकर्ताले सो विवरण सङ्कलन गर्ने छैन ।

१३. अद्यावधिक मतदाता नामावली प्रकाशन : (१) सङ्कलनकर्ताले नियम ८, ९ वा १० बमोजिम सङ्कलन गरेको विवरण सहायक नाम दर्ता अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण प्राप्त भएपछि सहायक नाम दर्ता अधिकारीले त्यस्तो विवरण उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम गरिएको जाँचबुझको आधारमा सहायक नाम दर्ता अधिकारीले सच्याउनु वा हटाउनु पर्ने विवरण तत्काल कायम रहेको मतदाता नामावलीमानै कारण खोली सच्याई वा हटाई र नाम समावेश भएकोमा त्यस्तो समावेश भएको नाम अनुसूची-७ बमोजिमको ढाँचामा उल्लेख गरी मतदाता नामावली अद्यावधिक गर्नु पर्नेछ । त्यसरी अद्यावधिक गरिएको मतदाता नामावली कार्यक्रममा उल्लिखित समयमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा अनुसूची-८ बमोजिमको ढाँचाको सूचना सहित प्रकाशन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अद्यावधिक मतदाता नामावली प्रकाशन गरिएको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

१४. मतदाता नामावलीमा नाम समावेश हुन छुट भएका व्यक्तिले दरखास्त दिने : (१) नियम ७ को उपनियम (२) वा नियम १३ बमोजिम प्रकाशित मतदाता नामावलीमा मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिको नाम समावेश हुन छुटेको रहेछ भने त्यस्तो व्यक्ति वा निजको परिवारको कुनै सदस्यले नाम समावेश गराउन कार्यक्रममा उल्लिखित समयावधि भित्र जन्म वा उमेर, वासस्थान खुलेको नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा, सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाबाट जारी गरिएको कुनै परिचयपत्र वा गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस, बसाइ सरी वा विवाह भइ आएको भए बसाइ सरी आएको वा विवाह भएको प्रमाण संलग्न गरी सहायक नामदर्ता अधिकारी समक्ष अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त साथ संलग्न गर्नु पर्ने प्रमाण संलग्न नभएमा सो दरखास्त उपर कारबाही गरिने छैन ।

१५. नाम, थर, जन्म मिति, उमेर आदि विवरण सच्याउन दरखास्त दिने : नियम ७ को उपनियम (२) र नियम १३ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, जन्म मिति, उमेर वा त्यस्तै अन्य विवरणमा कुनै त्रुटि भएमा वा हेरफेर गर्नु पर्ने भएमा सो सच्याउन कार्यक्रममा उल्लिखित समयावधि भित्र मतदाता आफैले वा निजको परिवारको सदस्यले सहायक नाम दर्ता अधिकारी समक्ष आवश्यक प्रमाण संलग्न गरी अनुसूची-५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

१६. नाम हटाउन सूचना दिने : नियम ७ को उपनियम (२) वा नियम १३ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको मृत्यु भएको वा निजले स्थायी तवरले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडाबाट बसाइ सरेको वा विवाह भई अन्यत्र गएको वा नेपाली नागरिकता त्याग गरेको वा मतदाता नामावलीमा नाम कायम रहन सक्ने योग्यता गुमाएको रहेछ भने सो व्यहोरा उल्लेख गरी मतदाता वा निजको परिवारको कुनै सदस्यले कार्यक्रममा उल्लिखित समयावधिभित्र अनुसूची-४ बमोजिमको ढाँचामा सहायक नाम दर्ता अधिकारी समक्ष सूचना दिन सक्नेछ।

१७. जाँचबुझ गरी नाम समावेश गर्ने, विवरण सच्याउने वा नाम हटाउने : (१) नियम १४ बमोजिम नाम समावेश गर्न, नियम १५ बमोजिम नाम तथा विवरण सच्याउन वा नियम १६ बमोजिम नाम हटाउन दिइएको दरखास्त वा सूचना र सो साथ संलग्न प्रमाण उपर सहायक नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा सहायक नाम दर्ता अधिकारीले दरखास्त दिने व्यक्तिसँग कुनै कुरा बुझ्न वा अन्य प्रमाण माग गर्न सक्नेछ।

(३) यस नियम बमोजिम जाँचबुझ गर्दा मतदाता नामावलीमा नाम छुटेको, विवरणमा कुनै त्रुटि भएको वा नाम हटाउनु पर्ने देखिएमा सहायक नाम दर्ता अधिकारीले दरखास्त वा सूचना दिने व्यक्तिको माग बमोजिम नाम तथा अन्य विवरण मतदाता नामावलीमा समावेश गर्ने वा मतदाता नामावलीमा लेखिएको नाम तथा अन्य विवरण सच्याउने वा मतदाता नामावलीबाट नाम हटाउनु पर्नेछ।

१८. संशोधित मतदाता नामावलीको प्रकाशन : (१) सहायक नाम दर्ता अधिकारीले नियम १७ बमोजिम मतदाता नामावलीमा नाम हटाउँदा वा सच्याउँदा अद्यावधिक मतदाता नामावलीमानै कारण खोली हटाई वा सच्याई र नाम समावेश गरिएकोमा अनुसूची-७ बमोजिमको ढाँचामा उल्लेख गरी संशोधित मतदाता नामावली तयार गर्नु पर्नेछ। यसरी तयार गरिएको संशोधित मतदाता नामावली कार्यक्रममा उल्लिखित समयमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा कार्यालयमा अनुसूची-८ बमोजिमको ढाँचाको सूचना सहित प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम संशोधित मतदाता नामावली प्रकाशन भएको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

१९. मतदाता नामावलीमा दावी विरोध गरी दरखास्त दिने : नियम ७ को उपनियम (२), नियम १३ वा १८ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम ऐन बमोजिम समावेश हुन नसक्ने भनी सोही निर्वाचन क्षेत्रको सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाका कुनै मतदाताले दावी विरोध गर्नु पर्ने कारण उल्लेख गरी कार्यक्रममा उल्लिखित समयावधि भित्र सहायक नामदर्ता अधिकारी समक्ष अनुसूची-९ बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछ ।

२०. दावी विरोधको दरखास्त उपर जाँचबुझ गरी निर्णय गर्ने : (१) सहायक नामदर्ता अधिकारीले नियम १९ बमोजिमको दरखास्त दिने समयावधि समाप्त भएपछि त्यस्तो दरखास्तको संक्षिप्त विवरण तयार गरी सम्बन्धित मतदातालाई आफ्नो भनाई पेश गर्नको लागि कार्यक्रममा उल्लिखित जाँचबुझको समयावधि भित्र प्रमाण सहित आफ्नो कार्यालयमा उपस्थित हुने सूचना सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा अनुसूची-१० बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समयावधिभित्र सम्बन्धित मतदाता वा निजको परिवारको कुनै सदस्य उपस्थित हुन आएमा सहायक नामदर्ता अधिकारीले निजसंग आवश्यक सोधपुछ गर्न र आवश्यक प्रमाण माग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सम्बन्धित पक्षहरु उपस्थित हुन नआएको वा माग गरेको प्रमाण पेश नगरेको अवस्थामा समेत सहायक नाम दर्ता अधिकारीले दरखास्त साथ पेश भएको प्रमाणको जाँचबुझ गर्दा नाम हटाउनु पर्ने देखिएमा निर्णयको आधार तथा कारण खुलाई अनुसूची-११ बमोजिमको ढाँचामा नाम हटाउने निर्णय गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम गरिएको निर्णयको सूचना अनुसूची-१२ बमोजिमको ढाँचामा तयार गरी सहायक नामदर्ता अधिकारीले सम्बन्धित सबैको जानकारीको लागि आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम टाँस भएको सूचनाको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२१. दोहोरो नाम हटाउन जानकारी दिनु पर्ने : (१) एक भन्दा बढी निर्वाचन क्षेत्रमा वा एकै निर्वाचन क्षेत्रको एक भन्दा बढी स्थानमा मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले आफूले रोजेको एक निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा मात्र नाम कायम राखी अन्य स्थानको मतदाता नामावलीबाट आफ्नो नाम हटाउन कार्यक्रममा उल्लिखित समयावधि भित्र अनुसूची-६ बमोजिमको ढाँचामा एकै गाउँ विकास समिति वा नगरपालिकाको वडाभित्र दोहोरो परेको भए सहायक नामदर्ता अधिकारी समक्ष, एक भन्दा बढी गाउँ विकास समिति वा नगरपालिकाको वडामा दोहोरो परेको भए सहायक नाम दर्ता अधिकारी मार्फत वा सिधै प्रमुख नाम दर्ता अधिकारी समक्ष र अन्तर जिल्लाको सम्बन्धमा

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भए प्रमुख नाम दर्ता अधिकारी मार्फत वा सिधै आयोग समक्ष जानकारी दिनु पर्नेछ।

(२) कुनै मतदाताको नाम एक वा एक भन्दा बढी निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा समावेश भएकोमा दोहोरो नाम हटाई एक मात्र नाम मतदाता नामावलीमा कायम गर्नको लागि सोही गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको कुनै मतदाताले कारण खुलाई कार्यक्रममा उल्लिखित समयावधिभित्र अनुसूची- ९ बमोजिमको ढाँचामा एकै गाउँ विकास समिति वा नगरपालिकाका वडाभित्र दोहोरो परेको भए सहायक नामदर्ता अधिकारी समक्ष र एक भन्दा बढी गाउँ विकास समिति वा नगरपालिकाको वडामा दोहोरो परेको भए प्रमुख नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम जानकारी वा निवेदन प्राप्त नभए तापनि कुनै मतदाताको नाम एक भन्दा बढी निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा समावेश भएको कुराको जानकारी आयोगलाई प्राप्त भएमा त्यस्तो मतदाताको नाम निज मतदाता स्थायी बसोवास गरेको निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा कायम गर्न र अन्य निर्वाचनक्षेत्र वा स्थानको मतदाता नामावलीबाट निज मतदाताको नाम हटाउन आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ।

२२. <u>दोहोरो नाम हटाउने</u> : (१) नियम २१ को उपनियम (१) बमोजिम जानकारी दिएकोमा ऐनको दफा १९ को उपदफा (१) बमोजिम सम्बन्धित सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले दोहोरो नाम हटाउनु पर्नेछ।

(२) कुनै मतदाताको दोहोरो नाम भएको कुराका सम्बन्धमा नियम २१ को उपनियम (२) बमोजिम निवेदन प्राप्त भएकोमा सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले सम्बन्धित मतदाता वा मतदाताको परिवारको सदस्य वा सम्बन्धित मतदाता बसोबास गरेको गाउँ विकास समिति वा नगरपालिकाको वडा कार्यालय वा कुनै निकायसँग सोधपुछ गर्न वा आवश्यक प्रमाण माग गर्न सक्नेछ।

(३) यस नियम बमोजिम जाँचबुझ गर्दा मतदाता नामावलीबाट दोहोरो नाम हटाउनु पर्ने देखिएमा सम्बन्धित मतदातालाई कार्यक्रममा उल्लिखित जाँचबुझको समयावधिभित्र आफ्नो भनाइ राख्न आउनु भनी सम्बन्धित सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले आफ्नो कार्यालयमा अनुसूची-१० बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रकाशन गरेको सूचना बमोजिम मतदाताले राखेको भनाइ चित्त बुझ्दो नभएमा वा सम्बन्धित मतदाताले आफ्नो भनाइ नै पेश नगरेमा उपलब्ध भए सम्मको प्रमाणको आधारमा सम्बन्धित मतदाताको नाम हटाउनु पर्ने देखिएमा सम्बन्धित सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले दोहोरो नाम हटाउनु पर्ने कारण तथा आधार खुलाई अनुसूची-११ बमोजिमको ढाँचामा त्यस्तो दोहोरो नाम हटाउने निर्णय गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिम दोहोरो नाम हटाइएको सूचना सम्बन्धित सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले अनुसूची-१२ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा टाँस गर्नु पर्नेछ ।

(६) आयोगबाट नियम २१ को उपनियम (३) बमोजिम आदेश प्राप्त भएमा प्रमुख नाम दर्ता अधिकारीले मतदाताको स्थायी बसोबास भएको कुनै एक स्थानको मतदाता नामावलीमा नाम कायम राखी अन्य स्थानको मतदाता नामावलीबाट निजको नाम हटाउनु पर्नेछ । यसरी नाम हटाइएकोमा सम्बन्धित मतदाताको जानकारीको लागि सार्वजनिक सूचना टाँस गर्नु पर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १९ को उपदफा (२) बमोजिम सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारी स्वयंमलाई कुनै मतदाताको नाम दोहोरो परेको जानकारी प्राप्त भएमा गाउँ विकास समिति वा नगरपालिका भित्र दोहोरो परेकोमा सम्बन्धित सहायक नाम दर्ता अधिकारीले र जिल्ला भित्रका कुनै गाउँ विकास समिति वा नगरपालिकामा दोहोरो परेकोमा सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो मतदाताको स्थायी बसोबास भएको गाउँ विकास समिति वा नगरपालिकाको वडाको बाहेक अन्य गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीबाट त्यस्तो मतदाताको नाम हटाउनु पर्नेछ । यसरी नाम हटाइएकोमा सम्बन्धित मतदाताको जानकारीको लागि सार्वजनिक सूचना टाँस गर्नु पर्नेछ ।

(८) उपनियम (३), (५), (६) वा (७) बमोजिम प्रकाशन वा टाँस भएको सूचनाको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२३. <u>मृत्यु भएको वा बसाई सरेको आदि आधारमा मतदाता नामावलीबाट नाम हटाउने</u> : (१) नियम ७ को उपनियम (२), नियम १३ वा १८ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको मृत्यु भएको वा निजले स्थायी तवरले सम्बन्धित निर्वाचन क्षेत्रबाट बसाई सरेको वा नेपाली नागरिकता त्याग गरेको वा मतदाता नामावलीमा नाम कायम रहन सक्ने योग्यता गुमाएको भनी कुनै मतदाताले सहायक नाम दर्ता अधिकारी समक्ष कार्यक्रममा उल्लिखित समयावधिभित्र सूचना दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि सहायक नाम दर्ता अधिकारीले मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिको मृत्यु भएको वा निज बसाइ सरी अन्यन्त्र गएको वा नेपाली नागरिकता त्याग गरेको वा मतदाता हुन योग्यता गुमाएको हो वा होइन भन्ने सम्बन्धमा आवश्यकतानुसार स्थानीय पञ्जिकाधिकारीको कार्यालय, स्थानीय निकायको कुनै कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा बुझ्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त सूचनाको जाँचबुझको सिलसिलामा सहायक नाम दर्ता अधिकारीले सम्बन्धित व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउनु नपर्ने भए प्रमाण सहित आफ्नो भनाइ पेश गर्नु भनी आफ्नो कार्यालयमा अनुसूची-१० बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (२) वा (३) बमोजिम प्राप्त प्रमाण जाँचबुझ गर्दा कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाउन पर्ने देखिएमा सहायक नाम दर्ता अधिकारीले सो मतदाताको नाम मतदाता नामावलीबाट हटाउन सक्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मतदाताको विवाह भई वा अन्य कारणले बसाइ सराइ गरी अन्यत्र गएको वा मृत्यु भएको व्यहोरा स्थानीय पञ्जिकाधिकारीको कार्यालयको अभिलेखबाट देखिएमा सहायक नाम दर्ता अधिकारीले त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट हटाउन सक्नेछ ।

(६) यस नियम बमोजिम कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाइएकोमा सोको सूचना सहायक नाम दर्ता अधिकारीले आफ्नो कार्यालयमा अनुसूची-१२ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(७) उपनियम (३) वा (६) बमोजिम प्रकाशन भएको सूचनाको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२४. <u>अन्तिम मतदाता नामावली तयार गर्ने</u> : (१) सहायक नाम दर्ता अधिकारीले यस परिच्छेद बमोजिम दावी विरोध, जाँचबुझ, संशोधनको प्रक्रिया लगायत पूरा गर्नु पर्ने अन्य कार्यविधि पूरा गरी सकेपछि साविक देखि कायम रहँदै आएका मतदाताको हकमा साविककै मतदाता नामावलीमा र यस वर्ष थप भएका मतदाताको हकमा अनुसूची-७ बमोजिमको ढाँचामा मतदाता नामावली तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको मतदाता नामावलीको प्रत्येक पृष्ठमा सहायक नाम दर्ता अधिकारीले दस्तखत गर्नु पर्नेछ ।

(३) सहायक नामदर्ता अधिकारीले उपनियम (१) बमोजिम तयार गरेको मतदाता नामावली सम्बन्धित कागजात सहित कार्यक्रममा उल्लिखित समयावधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउनु पर्नेछ ।

२५. <u>अन्तिम मतदाता नामावली प्रकाशन गर्ने</u> : (१) प्रमुख नाम दर्ता अधिकारीले नियम २४ को उपनियम (३) बमोजिम सहायक नाम दर्ता अधिकारीहरुबाट अनुसूची-७ बमोजिमको ढाँचामा प्राप्त गरेका अन्तिम मतदाता नामावली कार्यक्रममा उल्लिखित समयमा आफ्नो कार्यालयमा अनुसूची-८ बमोजिमको ढाँचाको सूचना सहित प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अन्तिम मतदाता नामावली प्रकाशन गर्नु भन्दा अगावै त्यस्तो अन्तिम मतदाता नामावलीको प्रत्येक पृष्ठमा प्रमुख नाम दर्ता अधिकारीले दस्तखत गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गरेको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. अन्तिम मतदाता नामावली आयोगमा पठाउने : प्रमुख नाम दर्ता अधिकारीले नियम २५ बमोजिम प्रकाशित अन्तिम मतदाता नामावलीको एक प्रति प्रमाणित गरी आयोगमा पठाउनु पर्नेछ ।

२७. नाम समावेश गर्न सकिने विशेष व्यवस्था : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १५ बमोजिम नाम वा विवरण सच्याउन निवेदन दिने अवधि समेतका कार्यविधि समाप्त भइ अन्तिम मतदाता नामावली प्रकाशन भइ सकेपछि नागरिकता प्राप्त गर्ने व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्ने प्रयोजनको लागि आयोगले ऐनको दफा २३ बमोजिम निर्धारण गरेको अवधिभित्र त्यस्तो व्यक्तिले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र संलग्न गरी मतदाता नामावलीमा नाम समावेश गर्न अनुसूची-१३ बमोजिमको ढाँचामा प्रमुख नाम दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मतदाता नामावलीमा नाम समावेश गर्न निवेदन दिने व्यक्तिले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रमा ऐनको दफा १५ बमोजिम नाम वा विवरण सच्याउन दरखास्त दिने अवधि समेतका कार्यविधि समाप्त भई आयोगले निर्धारण गरेको अवधि भित्र प्राप्त गरेको हो वा होइन र त्यस्तो व्यक्ति ऐन बमोजिम मतदाता हुन योग्यता पुगेको हों वा होइन भन्ने सम्बन्धमा जाँचबुझ गर्दा उपयुक्त देखिएमा त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम नाम समावेश गरी तयार गरिएको मतदाता नामावली अनुसूचि-७ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रकाशित मतदाता नामावली उपर यस नियमावली बमोजिम दावी विरोधको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम मतदाता नामावली प्रकाशन गरिएको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## अस्थायी मतदाता नामावली सम्बन्धी विशेष व्यवस्था

२८. अस्थायी मतदाता नामावली सङ्कलन गर्ने कार्यक्रम प्रकाशन गर्ने : (१) आयोगले नियम ३ बमोजिम मतदाताको नाम सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम प्रकाशन गर्दा अस्थायी मतदाता नामावली सङ्कलन गर्ने कार्यक्रम समेत प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यक्रम प्रकाशन भएपछि प्रमुख नाम दर्ता अधिकारीले जिल्ला निर्वाचन कार्यालयमा अस्थायी मतदाताको नाम सङ्कलन गर्ने कार्यक्रम अनुसूची-१ बमोजिमको ढाँचामा टाँस गर्नु पर्नेछ ।



83 2b आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्रमुख नाम दर्ता अधिकारीले उपनियम (२) बमोजिम कार्यक्रम टाँस गरेको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२९. अस्थायी मतदाताको नाम सङ्कलन : (१) नियम २८ बमोजिम कार्यक्रम प्रकाशन भएपछि कार्यक्रममा उल्लिखित समयावधिभित्र सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारीको हकमा सम्बन्धित कार्यालयले, सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टनमेन्ट) मा रहेका माओवादी सेनाका लडाकुको हकमा त्यस्तो सैनिक वा प्रहरी व्यारेक वा अस्थायी शिविर व्यवस्थापन गर्ने अधिकारीले र कारागारमा बस्ने कैदी वा थुनुवाको हकमा सम्बन्धित कारागारको प्रमुखले ऐन बमोजिम योग्यता पुगेका अस्थायी मतदाताको नाम र विवरण सम्बन्धित प्रमुख नाम दर्ता अधिकारी समक्ष अनुसूची-१४ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त नाम र विवरणको आधारमा प्रमुख नाम दर्ता अधिकारीले अस्थायी मतदाता नामावली तयार गर्नेछ ।

३०. अस्थायी मतदाता नामावली प्रकाशन : (१) प्रमुख नाम दर्ता अधिकारीले नियम २९ बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावली कार्यक्रममा उल्लिखित समयमा अनुसूची-१५ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अस्थायी मतदाता नामावली प्रकाशन गरिएको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

३१. अस्थायी मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिने : (१) नियम ३० बमोजिम प्रकाशित अस्थायी मतदाता नामावलीमा मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिको नाम समावेश हुन छुटेको रहेछ भने सो व्यक्तिले आफ्नो नाम समावेश गराउन कार्यक्रममा उल्लिखित समयावधिभित्र अनुसूची-१६ को खण्ड (क) बमोजिमको ढाँचामा प्रमुख नाम दर्ता अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नाम समावेश गर्न दरखास्त दिँदा निजले जुन आधारमा नाम समावेश गर्न दावी लिएको हो सो दावीलाई पुष्टी गर्न नियम २९ को उपनियम (१) बमोजिमका अधिकार प्राप्त अधिकारी वा कार्यालयले दिएको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

३२. दरखास्तको जाँचबुझ गर्ने : (१) नियम ३१ बमोजिम प्राप्त दरखास्त र सो साथ प्राप्त प्रमाण उपर प्रमुख नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र सो जाँचबुझको सिलसिलामा दरखास्त दिने व्यक्तिसँग कुनै कुरा बुझ्न वा थप प्रमाण माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा मतदाता नामावलीमा नाम छुटेको देखिएमा प्रमुख नाम दर्ता अधिकारीले दरखास्त दिने व्यक्तिको नाम तथा कुनै विवरण अस्थायी मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. संशोधित अस्थायी मतदाता नामावलीको प्रकाशन : (१) नियम ३२ को उपनियम (२) बमोजिम अस्थायी मतदाता नामावलीमा कुनै नाम समावेश गरिएकोमा प्रमुख नाम दर्ता अधिकारीले कार्यक्रममा उल्लिखित समयमा आफ्नो कार्यालयमा अनुसूची-१५ बमोजिमको ढाँचामा संशोधित अस्थायी मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संशोधित अस्थायी मतदाता नामावली प्रकाशन गरिएको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

३४. दावी विरोध गरी दरखास्त दिने : नियम ३३ बमोजिम प्रकाशित संशोधित अस्थायी मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम ऐन बमोजिम समावेश हुन नसक्ने भनी कुनै मतदाताले सो कुराको दावी विरोध गरी कार्यक्रममा उल्लिखित समयावधिभित्र प्रमुख नाम दर्ता अधिकारी समक्ष अनुसूची-१६ को खण्ड (ख) बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछ ।

३५. दावी विरोधको दरखास्त उपर जाँचबुझ गरी निर्णय गर्ने : (१) प्रमुख नाम दर्ता अधिकारीले नियम ३४ बमोजिम प्राप्त दरखास्त र सो साथ पेश भएको प्रमाणको जाँचबुझ गर्दा अस्थायी मतदाता नामावलीबाट नाम हटाउनु पर्ने देखिएमा अस्थायी मतदाता नामावलीबाट त्यस्तो नाम हटाउने निर्णय गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै मतदाताको नाम अस्थायी मतदाता नामावलीबाट हटाउने निर्णय गर्नु भन्दा अघि प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो मतदातालाई मतदाता नामावलीबाट नाम हटाउनु नपर्ने कुनै कारण भए भनाई पेश गर्न अनुसूची-१७ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम गरिएको निर्णयको सूचना अनुसूची-१८ बमोजिमको ढाँचामा तयार गरी प्रमुख नाम दर्ता अधिकारीले आफ्नो कार्यालयमा टाँस गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम टाँस भएको सूचनाको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

३६. अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने : (१) प्रमुख नाम दर्ता अधिकारीले यस परिच्छेद बमोजिम दावी विरोध, जाँचबुझ, संशोधनको प्रक्रिया लगायत पूरा गर्नु पर्ने अन्य कार्यविधि पूरा गरी सकेपछि अनुसूची-१५ बमोजिमको ढाँचामा अन्तिम अस्थायी मतदाता नामावली तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको अन्तिम अस्थायी मतदाता नामावलीको प्रत्येक पृष्ठमा प्रमुख नाम दर्ता अधिकारीले दस्तखत गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने : (१) नियम ३६ बमोजिमको अन्तिम अस्थायी मतदाता नामावली प्रमुख नाम दर्ता अधिकारीले कार्यक्रममा उल्लिखित समयमा आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गरेको मुचुल्का अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

३८. अन्तिम अस्थायी मतदाता नामावली आयोगमा पठाउने : प्रमुख नाम दर्ता अधिकारीले नियम ३७ बमोजिम प्रकाशित अन्तिम अस्थायी मतदाता नामावलीको एक प्रति प्रमाणित गरी आयोगमा पठाउनु पर्नेछ ।

३९. निर्वाचन वा मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीको अस्थायी मतदाता नामावली पठाउने : निर्वाचन वा मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीको अस्थायी मतदाता नामावली निर्वाचन अधिकृतले मतदान केन्द्रमा खटाइएका वखत सम्बन्धित मतदान अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ४

## विविध

४०. अन्तिम मतदाता नामावली प्रकाशन गरेको सूचना पठाउनु पर्ने : (१) नियम २५ वा नियम ३७ बमोजिम अन्तिम मतदाता नामावली वा अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गरेको सूचना प्रमुख नाम दर्ता अधिकारीले जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको कार्यालयमा टाँस गर्न पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनाको जानकारी नियम ७ को उपनियम (५) बमोजिमका राजनैतिक दलका जिल्ला स्थित कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) प्रमुख नाम दर्ता अधिकारीले यस नियमावली बमोजिम अन्तिम मतदाता नामावली र अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गरेको व्यहोरा स्थानीय स्तरको सञ्चार माध्यमद्वारा प्रकाशन तथा प्रसारण गर्न सक्नेछ ।

४१. प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार : ऐन र यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ऐन र यस नियमावली बमोजिम सहायक नामदर्ता अधिकारीले गर्नु पर्ने कामको, समन्वय, निरीक्षण र अनुगमन गर्ने,

(ख) मतदाता नामावली तथा अन्य विवरण तयार गर्ने काममा कुनै समस्या उत्पन्न भएमा सोको निराकरण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने काममा संलग्न कर्मचारी मध्ये उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कारको लागि आयोगमा सिफारिस गर्ने,

(घ) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने काममा संलग्न कर्मचारीको काम कारबाही सम्बन्धमा प्राप्त उजुरीको छानवीन गरी आवश्यक कारबाहीको लागि आयोग समक्ष पठाउने,

(ङ) मतदाता नामावली र मतदाताको अन्य विवरण तयार गर्ने काममा संलग्न कर्मचारीले ऐन र यस नियमावली विपरीत काम गरेको देखिएमा वा लापरवाही साथ काम गरेमा निज उपर विभागीय कारबाही गर्न आयोग समक्ष लेखी पठाउने,

(च) ऐन, यस नियमावली र सो अन्तर्गत बनेको निर्देशिका बमोजिम सहायक नाम दर्ता अधिकारीले गर्नु पर्ने काम कर्तव्यको सम्बन्धमा प्रशिक्षण वा निर्देशन दिने,

(छ) ऐन र यस नियमावली बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नको लागि वार्षिक रुपमा योजना तथा कार्यक्रम तयार पारी आयोगमा पठाउने,

(ज) आयोगले तोकेको अन्य काम गर्ने ।

४२. <u>मतदाता नामावलीको आवश्यक प्रति तयार गर्ने</u> : प्रमुख नाम दर्ता अधिकारीले आयोगमा उपलब्ध गराएको अन्तिम मतदाता नामावली र अन्तिम अस्थायी मतदाता नामावलीलाई मूल मतदाता नामावली मानी आयोगले सो मतदाता नामावलीको आवश्यक प्रतिहरु तयार गर्नेछ ।

४३. <u>मतदाता नामावली हेर्न र नक्कल दिने</u> : मतदाता वा उम्मेदवारले मतदाता नामावली र अस्थायी मतदाता नामावली हेर्न वा नक्कल लिन चाहेमा मतदाता नामावली च्यात्न, विगार्न वा केरमेट गर्न नपाउने गरी आयोग, जिल्ला निर्वाचन कार्यालय वा आयोगले तोकेको कार्यालयले हेर्न वा नक्कल दिन सक्नेछ । उम्मेदवार वा सरोकारवालाले आफैले नक्कल सारी लैजाँदा कुनै दस्तुर लाग्ने छैन ।

४४. <u>विवाद निरुपण गर्ने</u> : मतदाता नामावली वा अन्तिम अस्थायी मतदाता नामावली सम्बन्धमा विवाद उत्पन्न भएमा क्रमश: नियम २६ र ३८ बमोजिम प्रमाणित मतदाता नामावलीलाई आधार मानी विवादको निरुपण गरिनेछ ।

४५. <u>मतदाता नामावलीको प्रति बिक्री गर्ने</u> : कुनै व्यक्ति वा संघ संस्थाले मतदाता नामावली खरिद गर्न चाहेमा आयोगले तोकेको मूल्य लिई आयोग, जिल्ला



२३२८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्वाचन कार्यालय वा आयोगले तोकेको कार्यालयले उपलब्ध भएसम्म मतदाता नामावली वा सोको विद्युतीय प्रति (कम्प्याक्ट डिक्स) बिक्री गर्न सक्नेछ ।

४६. मतदाता नामावली वेभसाईटमा राख्नु पर्ने : आयोगले ऐन तथा यस नियमावली बमोजिम सङ्कलन तथा अद्यावधिक गरी तयार पारेको अन्तिम मतदाता नामावली सर्वसाधारणको जानकारी तथा पहुँचको लागि आफ्नै वेभसाइट खडा गरी त्यस्तो मतदाता नामावली सो वेभसाइटमा राख्नु पर्नेछ ।

